नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

१४- २२३५८० २६२६९६ २६१७३६ २६२८०२ २६२९८७ २६२४६८ २६२५४३

पत्र संख्या:- ०७१/०७२
च.नं. :-

रामशाहपथ,
काठमाडौं, नेपाल

मिति: २०७२/०२/१२

**बिषय : उद्धारकर्ता, घाईते एवं आमनागरिकहरुलाई जानकारीको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्ती**

भूकम्प पिडित तथा घाईतेहरुको उद्धार, उपचार तथा बिपद पश्चात हुने प्रकोप तथा रोगहरु रोकथामको लागि मिति २०७२/०२/१२ गतेसम्म स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट देहाय बमोजिमका क्रियाकलापहरु भएको कुरा सम्बन्धित सबैको जानकारीको लागि प्रेषित गरिन्छ ।

**१. राष्ट्रिय तथा अन्तराष्ट्रिय उपचार टोलीहरुको परिचालन, अनुगमन तथा बैठक:**

- मिती २०७२/०२/१० गतेका दिन भूकम्पका घाइतेहरुको औषधी उपचार खर्च (खरिद गरेको बील बमोजिम) शोधभर्ना गर्ने सम्बन्धमा कार्यविधि तयार गर्न श्री केदार बहादुर अधिकारीज्यूको संयोजकत्वमा गठित कार्यदलको बैठकले "भूकम्पबाट घाइते भएकाहरुले खरिद गरेका औषधीका बीलहरु एवं अस्पतालमा गरेका उपचार खर्चको शोधभर्ना उपलब्ध गराउने सम्वन्धी, कार्यविधि, २०७२" मन्त्रालयमा पेश गर्ने निर्णय गरेको छ ।
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अर्न्तगतको राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले "भुकम्प पश्चात हुन सक्ने सम्भावित महामारी सम्वन्धि अध्ययन अनुसन्धानको आबधिक प्रतिवेदन २०७२" तयार गरी देहाय बमोजिमको निष्कर्षहरु निकालेका छन्:

  १. भुकम्प पश्चात हुन सक्ने सम्भावित महामारी अध्ययन-अनुसन्धान (रगत, दिशा, र्‍याल, पानी, विभिन्न खानेकुराहरु प्रयोगशाला परिक्षण र लामखुट्टेको टोकाई) बाट अहिलेसम्म कुनै पनि महामारी भएको छैन । साथै भुकम्पले धेरै मानवीय क्षति तथा संरचनाहरु तहस-नहस गरेकोले महामारी फैलन सक्ने आशंका गरिएता पनि हालसम्म त्यस्तो कुनै अवस्था देखिएको छैन ।

  २. विनाशकारी भुकम्पले खासगरी पानीको स्रोत प्रदुषित भई शतप्रतिशत पानी पिउन अयोग्य र महामारी समेत हुन सक्ने आशंका गरीएको भएतापनि हालसम्मको अध्ययनले यस्तो अवस्था देखाएको छैन । अधिकांश पानीका नमुनाहरु पिउन योग्य नदेखिए पनि (२५% मात्र पिउन योग्य रहेको), यो अवस्था भुकम्प पहिले देखि नै विद्यमान रहेको तथा भुकम्प अघि र पछिका तथ्याङ्कहरुमा कुनै भिन्नता नरहेको पाइयो । बोतलमा बजारमा पाइने पानी भने पूर्ण सुरक्षित पाइएको छ । यद्यपी यस अघिका तथा अहिलेको अध्ययन अनुसार पिउने पानी (जमिन मुनि, धारा, ट्यांकी, ट्यान्कर, कुवा, इनार) निर्मलिकरण गरेर वा उमालेर मात्र पिउन योग्य देखिएको छ । सम्बिन्धित निकायहरुले सबै प्रकारको पानी निर्मलीकरण कार्यकमलाई विस्तार तथा सुधार गर्नु अत्यावश्यक देखिन्छ ।

  ३. महामारी अनुसन्धानमा नभै नहुने राष्ट्रिय निर्देशिका विश्व स्वास्थ्य संगठनलेको प्राविधिक सहयोगमा प्रयोगशालाले तयार पारेको छ जसले सम्भावित महामारी अनुसन्धान कार्यलाई वैज्ञानिक एवं द्रुत गतिमा सम्पन्न गर्न सहयोग पुग्ने आशा गरिएको छ।

  ४. भुकम्पका कारण हालसम्म कुनै महामारी नदेखिए पनि, आउँदै गरेको मनसुनको कारण व्यक्तिगत सावधानी र सुरक्षाका उपायहरु (हात धुने, सफा-स्वच्छ खाना खाने, पानी निर्मलीकरण गरेर पिउने, सरसफाईमा विशेष ध्यान दिने) अवलम्बन गरेर सम्भावित महामारीवाट जोगिन सकिने कुरा समेत सिफारिस गरिएको छ ।

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट ३४ वटा अन्तराष्ट्रिय मेडिकल टीमहरु हाल फिल्डमा कार्यरत रहेका छन् भने १२२ टोली आफ्नो जिम्मेवारी पूरा गरी स्वदेश फर्किसकेका छन् ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

फोन: ४- २२३५८०, २६२६९६, २६१७३६, २६२८०२, २६२९८७, २६२४६८, २६२५४३

पत्र संख्या:- ०७१/०७२
च.नं. :-

रामशाहपथ,
काठमाडौं, नेपाल

**मितिः २०७२/०२/१२**

**२. उपकरण र औषधिः**

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भूकम्पबाट प्रभावित जिल्लाका बिभिन्न स्वास्थ्य संस्थाहरुमा आवश्यकता अनुसार निरन्तर रुपमा सम्पर्कमा रही आवश्यक औषधि र उपकरणहरु पठाईरहेको छ।
- AL-KHAIR Foundation UK/UMR USA/JCYCN/QRCS बाट राहतस्वरुप विभिन्न औषधिहरुको १८ कार्टुन तथा कोरियन सरकारबाट ६५ कार्टुन स्वास्थ्य सेवा विभाग, आपूर्ति व्यवस्था महाशाखामा प्राप्त भयो।
- Indian Medical Association बाट राहतस्वरुप विभिन्न औषधि तथा सर्जिकल सामग्रीहरुको १७५ कार्टुन Nepal Medical Association लाई हस्तान्तरण गरियो।
- Direct Relief/Doctors For You बाट राहतस्वरुप प्राप्त X-ray Machine एक थान जिल्ला स्वास्थ्य कार्यालय, सिन्धुपाल्चोकलाई हस्तान्तरण गरियो।
- भारत तथा अन्य देशबाट प्राप्त भएका अत्यावश्यक औषधिहरु विभिन्न ७ वटा जिल्ला अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा परिचालन हुने टिमहरुको लागि आकस्मिक स्वास्थ्य उपचार कीट वितरण गरियो।

**३. स्वास्थ्यकर्मीको ब्यवस्था र अन्य विषयः**

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भूकम्पवाट प्रभावित विरामी तथा घाइतेहरुको उपचार तथा सूचनाको उपलब्धतामा सहजताका लागी टोल फ्री नं १६६००१३३४४ संचालनमा ल्याएको छ। यदि कुनै ठाँउबाट स्वास्थ्य सम्बन्धि जानकारी लिन वा दिन परेमा माथिदिएको टोल फ्रि नम्बरमा २४ औ घण्टा सम्पर्क गर्नु हुन अपिल गरिएको छ।
- हालसम्म भूकम्पबाट प्रभावित भै २,६५९ जनाको Major शल्यक्रिया गरिएको, ४३९ जना विरमीलाई लामो समयसम्म उपचारको आवश्यकता भएको तथा २५३ जना विरामीलाई दीर्घकालीन पुनःस्थापनाको आवश्यकता रहेको जानकारी प्राप्त भएको छ।

**४. मृत्यु भएका स्वास्थ्यकर्मीहरु तथा महिला स्वास्थ्य स्वयंसेविकाको विवरण**

- भूकम्पबाट प्रभावित भै हालसम्म देहाय बमोजिमका ८ जना स्वास्थ्यकर्मी र १० जना महिला स्वास्थ्य स्वयंसेविकाहरुको मृत्यु भएको जानकारी प्राप्त भएको छ।

  १. कल्पना थापा., अ.हे.ब. करार, भक्तपुर
  २. राम कुमारी अधिकारी, अ.न.मी. पाँचौ, मार्षम हे.पो. धादिङ
  ३. चन्द्र श्रेष्ठ, DTLA, साँतौं तह, जिल्ला जनस्वास्थ्य कार्यालय, काठमाण्डौं
  ४. बिजया शर्मा श्रेष्ठ, अ.न.मी., छैटौं, बीर अस्पताल, काठमाडौं
  ५. लक्ष्मी रिमाल, का.स., धापासी हे.पो., काठमाडौं
  ६. शारदा धिताल, अ.न.मी., पाँचौं, समुन्द्रटार हे.पो. नुवाकोट
  ७. सोनम वङ्मो तामाङ्ग, स्टाफ नर्स, लाङटाङ्ग हे.पो. रसुवा
  ८. निर्मला क्षेत्री, अ.हे.ब., हेलम्बु, हे.पो, सिन्धुपाल्चोक

**मितिः २०७२/०२/१२**

९. विमला बस्ताकोटी, महिला स्वास्थ्य स्वयंसेविका, नाङलेभारे २, काठमाडौ
१०. भागीरथी अधिकारी, महिला स्वास्थ्य स्वयंसेविका, काभ्रस्थली , काठमाडौ
११. सृजना श्रेष्ठ, महिला स्वास्थ्य स्वयंसेविका, भुमुल्टार ८, काभ्रे
१२. फुलमाया तामाङ्ग, महिला स्वास्थ्य स्वयंसेविका, काउले ८, नुवाकोट
१३. पूर्णिमाया गुरुङ, महिला स्वास्थ्य स्वयंसेविका, डाँडागाउँ ७, रसुवा
१४. सीता कट्वाल, महिला स्वास्थ्य स्वयंसेविका, शिखरपुर १, सिन्धुपाल्चोक
१५. बुद्धि रानी तामाङ्ग, महिला स्वास्थ्य स्वयंसेविका, भोटाङ्ग ९,सिन्धुपाल्चोक
१६. फेसु तामाङ्ग, महिला स्वास्थ्य स्वयंसेविका, बाँसखर्क सिन्धुपाल्चोक
१७. फुर्बू लामा, महिला स्वास्थ्य स्वयंसेविका, बरुवा ९,सिन्धुपाल्चोक
१८. शैली बानियाँ, महिला स्वास्थ्य स्वयंसेविका, कुनचोक ७, सिन्धुपाल्चोक

- भूकम्पबाट प्रभावित भै हालसम्म देहाय बमोजिमका २ जना स्वास्थ्यकर्मी सहित नाम नखुलेका ३ महिला स्वास्थ्य स्वयंसेविकाहरु रसुवा जिल्लको लाङटाङ्ग क्षेत्रमा हराईरहेको जानकारी प्राप्त भएको छ ।

  १. चन्द्रिका बुढा, अ.न.मी.
  २. कर्माछिरिङ्ग तामाङ्ग, का.स.

डा. गुणराज लोहनी
सदस्य सचिव एवं प्रबक्ता
विपद व्यवस्थापनको लागि केन्द्रिय समन्वय समिति, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय